# खाद्याधिकारका लागि विशेष कानून आवश्यक

साउन१६, काठमाडौं (अरू)। खाद्य सुरक्षा विज्ञ तथा नीतिनिर्माताले दक्षिण एशियामा बढ्दो भोकमरी रोक्नका लागि 'राइट टु फूड' (खाद्यको अधिकार)का विषयमा तत्काल विशेष र विस्तृत कानून बनाउन आवश्यक भएको बताएका छन्।

यस क्षेत्रका हरेक मुलुकमा खाद्य सुरक्षासम्बन्धी र दर्जनभन्दा बढी कानून भए पनि कुनै पनि कानूनले 'जनताको खाद्य अधिकार'लाई समेट्न नसकेको विज्ञहरूको भनाइ छ। ग्री र अक्सफामको सहयोगमा साउथ एशिया वाच अन ट्रेड इकोनोमिक्स एण्ड इन्भायरोमेण्ट (सावती)ले सोमवार र मङ्गलवार राजधानीमा आयोजना गरेको कार्यक्रममा उनीहरूले यस्तो बताएका हुन्। कार्यक्रममा सावतीका महासचिव डा. रत्नाकार अधिकारीले यस क्षेत्रमा विगतमा भएका कानून कागजी रूपमा राम्रो भए पनि कार्यान्वयनका पक्षमा समयसापेक्ष नभएको बताए। उनले विस्तृत कृषि सुधार कार्यक्रमलाई अधि बढाउनुपर्ने बताए। यो कार्यक्रमले भूमिहीनलाई जमीनको स्वामित्व वितरण गरेर खाद्यान्नमा पहुँच, उपयोग र स्थायित्व बढाउने उनको भनाइ छ।




कार्यक्रममा सहभागी भएका बङ्गलादेशका सूचना मन्त्री तथा अल पार्टी पार्लियामेण्टरी ग्रुप अन फूड, एग्रिकल्चर एण्ड रूलर डेभलपमेण्टका अध्यक्ष हसनु हक इनुले यस क्षेत्रमा खाद्य तथा कृषिमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रशस्त लगानीका साथै कानून, नियम, नियमावली, प्रशासकीय प्रक्रियाहरू भए पनि त्यसलाई तार्किक र विस्तृतरूपमा अधि बढाउन नसकिएको बताए।

नेपालको अन्तरिम संविधानमा खाद्य सम्प्रभुत्वता, पाकिस्तानको जिरो-हङ्गर एक्सन प्लान, सामाजिक सुरक्षमा बङ्गलादेशको ठूलो लगानी र श्रीलङ्कको परिवर्तित संविधानले केही सम्बोधन गरे पनि यस क्षेत्रमा गरीब मानिसलाई दिनको तीन समयको खाना पुग्न नसकेको उनले बताए।

यस क्षेत्रमा भएको पर्यावरणीय परिवर्तन, बढ्दो असमानता, खाद्यान्नको मूल्यवृद्धि, जनसङ्ख्या वृद्धि, बढ्दो शहरीकरणका साथै प्राकृतिक स्रोतको पहुँचका लागि हुने प्रतिस्पर्धाले खाद्य अभावलाई अझ बढाउनेतर्फ पनि विज्ञहरूले ध्यानाकर्षण गराएका थिए।

दुईदिने उक्त सम्मेलनमा नेपालका साथै भारत, पाकिस्तान, बङ्गलादेश र श्रीलङ्काका गरी करीब ५० जना सहभागी थिए। सम्मेलनमा यस क्षेत्रका खाद्य सुरक्षासम्बन्धी विद्यमान् कानूनका सम्बन्धमा क्षेत्रीय प्रतिवेदनका बारेमा छलफल भएको थियो।